निर्णय नं. १

कर्मचारी समायोजन विधेयक, २०७७ तथा अन्य विषयमा बिशेष नगरसभा मिति २०७८।०१।१० गते आह्वान गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

सार्वजनिक नीजि साझेदारीमा Water Kingdom निर्माण तथा सञ्चालनका लागि ईच्छुक व्यक्ति तथा संस्थालाई लगानीका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना प्रकासन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

भूमि सम्बन्धि समस्या समाधान आयोगको सूचना अनुसार लगत संकलन भएका अव्यवस्थित बसोबासीको व्यबस्थापनका लागि बिधायन समितिबाट कार्यबिधि तयार गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४

राष्ट्रिय निकुन्जको बन क्षेत्र सिफारिस नगर्ने सम्बन्धि प्राप्त पत्रको व्यहोरा अवगत भयो ।

निर्णय नं. ५

कृषि तथा पशुपन्छी शाखामा कार्यरत जनशक्ति मार्फत रत्ननगर नगरपालिका कार्यालयमा किसान कल सेन्टर स्थापना गरी संचालन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६

आर्थिक बिकास समितिको सिफारीस बमोजिम निम्न अनुसार पकेट विकास कार्यक्रम अन्तर्गत पकेट क्षेत्र निर्धारण गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.सं. | पकेट वस्तुको नाम | पकेट क्षेत्र (वडा नं.) | संस्थाको नाम | पकेट क्षेत्रलाई विनियोजित वजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | माछा | ४ | सक्रिय मत्स्य कृषक समूह, रत्ननगर | ७,५०,०००।- | |
| २ | माछा | ३ | लौरीघोल माछा पालन कृषक समुह, रत्ननगर | ७,५०,०००।- | |
| ३ | बंगुर | १६ | पिठुवा बंगुर पालन कृषक समुह | ५,००,०००।- | |
| ४ | बंगुर | १४ | रत्ननगर बंगुर पालन कृषक समुह | ५,००,०००।- | |
| ५ | तरकारी | ११ | नागवेली किसान समुह, रत्ननगर | १२,००,०००।- | |
| ६ | लिच्ची | १४ | पिठुवा लिची तथा फलफुल कृषक समुह | १२,००,०००।- | |
| | | | **जम्मा** | **१८४,००,०००।-** | |

**निर्णय नं. ७**

आवश्यक सबै प्रक्रिया र मापदण्ड पुरा गरेकोले यूनिक क्रियसन कन्स्ट्रक्सन, रत्ननगर ११ लाई "घ" वर्गको लाईसेन्स प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८**

समाहित शिक्षा लेखाजोखा कार्यक्रमको लागि रु ५०,०००।- (पचास हजार) आर्थिक सहयोग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९**

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको योजना संसोधनका लागि जिल्ला समन्वय समितिबाट प्राप्त पत्र अनुसार हुने गरी योजना संचालन र कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०**

नेपाल केन्द्रीय कृषि सहकारीको लि. को भवन निर्माणका लागि अख्तियारी प्राप्त भएको रकम रु. ५०,००,०००।- (पचास लाख) बाट उपभोक्ता समितिमार्फत योजना संचालन गर्ने गरीयो ।

**निर्णय नं. ११**

वडा नं. ४ मा सडक बोर्ड नेपाल तर्फको कार्यक्रमबाट वगैचा टोल कालोपत्रे मर्मतको लागि नपुग रकम रु. १,४०,०००।- (एक लाख चालिस हजार) बिबिध सार्वजनिक निर्माण शिर्षकबाट बेहोर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १२**

वडा नं. १५ को नगर स्वास्थ्य केन्द्र जाने बाटो ग्रावेल गर्न ल. इ. अनुसारको रकम बिबिध सार्वजनिक शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३**

नगरपालिकामा पेश भएका ज्ञापन पत्रहरु जानकारी भई छलफल गरीयो ।

**निर्णय नं. १४**

बागमती प्रदेश सरकारबाट बीउ प्रशोधन मेसिनरी खरिद र स्थापनाको लागि रु. ५०,००,०००।- (पचास लाख) लागत साझेदारीमा रकम बिनियोजन भएको हुदा जग्गाको व्यबस्था र भवन निर्माण कार्य नगरपालिकाको श्रोतबाट र मेशीनरी खरीद उक्त रकमबाट व्यहोर्ने गरी बीउ प्रशोधन मेसिनरी खरिद, स्थापना र संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १५**

प्रदेस सरकारको समपुरक कोष तर्फको वडा नं. ४ को सडकको दायाँ/बायाँ फुटपाथ निर्माण (बकुलहरदेखि जयमंगला र वडा नं. २ फिल्महलदेखि सुव्वाचोकसम्म) नाला निर्माण योजनाको ठेक्का लगाउदा बाकी रहेको रकमबाट वडा नं. ४ को भोकाहा देखि बुढीकुलो सम्मको बाकी भागमा नाला र फुटपाथ निर्माण गर्ने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १६**

ह्यूम पाईप खरीदको लागि नगरपालिका र वडामा बिनियोजित रकमबाट सार्वजनिक खरीद ऐन अनुसार खरीद गर्ने निर्णय गरीयो ।

निर्णय नं. १७

यस नगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माणको लागि ठेकेदारबाट कट्टी भएको धरौली रकमबाट कट्टी हुने गरी भवन मर्मत कार्य गरिएकोमा नपुग रकम बिबिध सार्वजनिक निर्माण शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १८

नगर गुरुयोजना तयारीका लागि भएको सम्झौता अनुसारको भुक्तानी दिन बाकी रु. ५,८८,८४३।- (पाँच लाख अठासी हजार आठ सय त्रिचालिस) भुक्तानि दिने निर्णय गरीयो ।